# आ.व २०७६/७७ को नीति तथा कार्यक्रममा वन तथा वातावरण

७५

बहुउपयोगी वन र ब्लक फरेष्ट विस्तार एवं वैज्ञानिक वन व्यवस्थापन गरी वन संरक्षण तथा वनस्रोतको दिगो उपयोग गरिनेछ। आगामी आर्थिक वर्षलाई **वृक्षारोपण वर्ष** घोषणा गरी काष्ठ, गैरकाष्ठ फलफूलका विरुवा रोपण गरिनेछ। जडिबूटी लगायत वनमा आधारित हरित उद्योग तथा व्यवसायको प्रवर्द्धन तथा विस्तार गरिनेछ।

७६

नदी प्रणाली र जलाधारमा आधारित वन व्यवस्थापन गर्दै माथिल्लो तटीय क्षेत्रमा वायो इञ्जिनियरिङ सहितको फलफूल खेती, भावर र भित्री मधेशमा कृषि वन र तराईमा व्यापक वृक्षारोपण सहितको वन विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१०७

विकास र वातावरण वीच सन्तुलन कायम गरिनेछ । पृथ्वीको भविष्य, जीवनहरुको रक्षा, हित कल्याण र यसको इकोसिष्टममा टकराव नआउने गरी विकास कार्यहरु अघि वढाइनेछ।

१०८

विश्व तापमानमा भएको वृद्धिबाट सिर्जित जलवायु परिवर्तनका नकारात्मक असरहरुलाई न्यून गर्न स्थानीय तहसम्म जलवायु अनुकूलनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०९

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका सीमसार क्षेत्रहरुको संरक्षण र वृद्धिमत्तापूर्ण उपयोग गर्दै पर्यापर्यटनको गन्तव्यको रुपमा विकास गरिनेछ । महत्वपूर्ण तालतलैयाहरुको संरक्षण र विकासको गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ।

१३२

राष्ट्रपति चुरे संरक्षण कार्यक्रमलाई समीक्षा र मूल्यांकन गरी प्रभावकारी पुनर्व्यवस्थापन गरिनेछ । चुरे र भावर क्षेत्रका खोंचहरुमा जल पुनर्भरणका लागि पोखरीहरु निर्माण गरिनेछ ।

१३३

फलफूलका विरुवा सहितको नर्सरी स्थापना र विकास गर्न निजी र सहकारी क्षेत्रलाई प्रोत्साहन गरिने छ। सरकारी स्तरबाट सञ्चालनमा भएका नर्सरीमा कम्तीमा ३० प्रतिशत फलफूलको विरुवा उत्पादन गरिनेछ ।

१३४

हिमालहरूलाई फोहोरमुक्त बनाउन विशेष सफाइ अभियान सञ्चालन गरिनेछ। सहरहरूमा हुने वायु र ध्वनि प्रदूषण मात्रा उल्लेखनीय रूपमा नियन्त्रण गरिनेछ। जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणका लागि हरित विकासको अवधारणा अवलम्बन गरिनेछ।